सभाध्यक्ष महोदय,

अब म आ.व. २०८२।०८३ को विनियोजन विधेयक, २०८२ यस सभा समक्ष पेश गर्ने अनुमती माग गर्न चाहान्छु।

नाम्खा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
याल्बाङ्ग हुम्ला

विनयोजन ऐन , २०८२

नाम्खा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय याल्बाङ, हुम्ला कर्णाली प्रदेश, नेपाल

नाम्खा गाउँपालिका, हुम्ला को आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

गाउँसभा समक्ष पेश भएको मितिः २०८१/०३/१०

प्रस्तावना,
नाम्खा गाउँपालिका, याल्बाङ्ग हुम्लाको २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम नाम्खा गाउँपालिका, याल्बाङ्ग हुम्लाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भ
(१) यस ऐनको नाम 'नाम्खा गाउँपालिका हुम्लाको विनियोजन ऐन,२०८२ रहेको छ ।

(२) यो ऐन २०८२ श्रावण १ गते बाट लागु हुनेछ।

२. आर्थिक वर्ष २०८२/८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार (१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त गाउँ कार्यपालिका, रकम खर्च गर्ने वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ३७,६८,५०,६५९ (अक्षेरुपी रुपैयाँ सैतिस करोड, अठसट्ठी लाख, पचास हजार छ सय उनान्साठी) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

२. विनियोजन:

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३ को निमित्त नाम्खा गाउँपालिका, हुम्लाको गाउँ कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

सभाध्यक्ष महोदय,

अब म यस आ व २०८२/०८३ को विनियोजन विधेयक तथा बजेट तथा कार्यक्रम यस सभासमक्ष पेश गर्ने गर्ने अनुमति चाहान्छु ।

| संघिय सरकार | | | अक्षरमा |
|---|---|---|---|
| १ | वित्तिय समानीकरण तर्फ | ७,३२,००,००० | सात करोड बतिस लाख |
| २ | ससर्त अनुदान चालु | ९,७३,००,००० | नौ करोड तृहत्तर लाख |
| ३ | सशर्त अनुदान पुँजिगत | २,९३,००,००० | दुइ करोड त्रिरानब्बे लाख |
| ३ | संघिय समपुरक अनुदान | ५०,००,००० | पचास लाख |
| ४ | विशेष अनुदान | ५३,००,००० | त्रिपन्न लाख |
| ५ | संघिय सरकार राजश्व वाँडफाँड | ८,०९,५९,००० | आठ करोड नौ लाख उनान्साठ्ठी हजार |
| | जम्मा | २९,१०,५८,००० | उनान्तीस करोड दश लाख अन्ठाउन्न हजार |
| प्रदेश सरकार | | | |
| १ | वित्तिय समानीकरण तर्फ | ६६,५३,००० | छैसठ्ठी लाख त्रिपन्न हजार |



प्रेम बहादुर लामा
अध्यक्ष

नाम्खा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| २ | ससर्त अनुदान चालु र पुजि | १,७९,८७,००० | एक करोड उनासी लाख सतासी हजार |
| ३ | समपुरक अनुदान | ७७,००,००० | सतहत्तर लाख |
| ४ | विशेष अनुदान | ५६,००,००० | छपन्न लाख |
| ५ | प्रदेश सरकार राजश्व वाँडफाँट तथा सवारी साधन | १५,००,००० | पन्ध्र लाख |
| | जम्मा | ३,९४,४०,००० | तीन करोड चौरानब्बे लाख चालिस हजार |

गाउँपालिकाको अनुमानित आम्दानी

| क्र.स. | आम्दानी स्रोत | रकम | अक्षरमा |
|---|---|---|---|
| १ | राजस्व संकलनबाट | २०,००,००० | वीस लाख |
| २ | अनुमानीत अल्या रकम | १,५०,००,००० | एक करोड पचास लाख |
| ३ | कुल जम्मा | १,७०,००,००० | एक करोड सत्तरी लाख |

गाउँपालिकामा कुल जम्मा हुन आएको अनुमानित बजेट

| क्र.स. | आम्दानीको क्षेत्रगत प्राप्त बजेट | विनियोजित रकम | अक्षरमा |
|---|---|---|---|
| १ | संघिय सरकारबाट | २९,१०,५८,००० | उनान्तीस करोड दश लाख अन्ठाउन्न हजार |
| २ | प्रदेश सरकारबाट | ३,९४,४०,००० | तीन करोड चौरानब्बे लाख चालिस हजार |
| ३ | गा.पा.को अनुमानित आय | १,७०,००,००० | एक करोड सत्तहरी लाख |
| ४ | विभिन्न संघसंस्था(NGO तथा INGO)बाट प्राप्त हुने रकम | २,९३,५२,६५९ | दुइ करोड त्रियानब्बे लाख वाउन्न हजार छ सय उनान्साठ्ठी मात्र |
| ५ | कुल जम्मा अनुमानित रकम | ३७,६८,५०,६५९ | सैतिस करोड अठसठ्ठी लाख पचास हजार छ सय उनानसाठ्ठी |

प्रेम बहादुर लामा
अध्यक्ष

नाम्खा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
यान्वाङ, हुम्ला
कर्णाली प्रदेश, नेपाल

साझेदारी गरेका गैरसरकारी संस्थाहरु तर्फको बजेट :

| सि नं | गैरसरकार संस्थाको नाम | कार्य क्षेत्र | अनुमानित रकम | अक्षरमा |
|---|---|---|---|---|
| १ | आधार नेपाल | शिक्षा | ९७,३८,६५९ | सन्तानब्बे लाख अठतीस हजार छ सय उनानसाठ्ठी |
| २ | उकाली | वन्यजन्तु | ५०,००,००० | पचास लाख |
| ३ | हेड नेपाल | अपांग | ५०,००,००० | पचास लाख |
| ४ | हिमाली वाल समाज | बालबालिका | ५४,००,००० | चौवन्न लाख |
| ५ | कैलास मानसरोवर वालसमाज (KMCS) | वालबालिका | ७५,००,००० | पचहत्तर लाख |
| ६ | स्नोल्याण्ड एकृकित विकास केन्द्र(SIDC) | स्वास्थ्य सुधार | १२,१४,००० | वाह् लाख चौध हजार |
| | जम्मा | | २,९३,५२,६५९ | दुइ करोड त्रियानब्बे लाख वाउन्न हजार छ सय उनानसाठ्ठी |

प्रेम वहादुर लामा
अध्यक्ष